

# धानको गभारो किरा व्यवस्थापन (Rice Stem Borer Management)
## सिर्पोफागा इन्सर्टुलास (Walker)
## Yellow Borer - *Scirpophaga incertulas* (Walker)

### परिचय



गभारो धानको महत्वपूर्ण किरा हो। यो पुतली वर्गको किराको लार्भाले गुवो खाइ नोक्सान पुऱ्याउँछ।



**लार्भा:** हलुका पहेंलो रंग, २ सेमी लामो।




**माउ:** पातको टुप्पोमा १००-२०० फूलका थुप्रा, नरम रेशमी भुवाले ढाकिएको (पहेंलो वा सेतो)।

अण्डा (१ हप्ता) ⟶ लार्भा डाँठमा प्वाल पारेर भित्र प्रवेश (नरम गुदि खान्छ)।

### क्षतिको लक्षण



चित्र नं. १ र २: धानमा लाग्ने गवारो किरा र यसले पुऱ्याएको क्षतिको लक्षण



डाँठमा स्पष्ट प्वाल।



मृत गुवो (Dead Heart): गाँज हाल्ने अवस्थामा सुकेको र तान्दा सजिलै आउने।



सेतो बाला (Whitehead): बाला लाग्ने अवस्थामा नोक्सानी। सुकेको वा फुसो

### व्यवस्थापन विधि

**कृषिजन्य:** धान काट्दा जमिनको सतह छुने गरी काट्नुहोस्, वा ठुटा निकाली जलाउनुहोस् / १ हप्ता पानी जम्मा गर्नुहोस्।

**नर्सरीः** धान रोप्ने बेलामा बेर्नाको पातको टुप्पो (३ देखि ५ सेमी) चुँडेर नष्ट गर्नुहोस्।

**भौतिक:** धान खेती वरिपरि बत्तीको पासो प्रयोग गर्नुहोस्।

**जैविक:** सिर्पो ल्यूर (Scirpo Lure) युक्त पासो २ वटा प्रति रोपनी प्रयोग गर्नुहोस्। पासोमा परेका कीरालाई नष्ट गर्नुहोस् र लोभ्याउने पदार्थ ३०/३० दिनमा फेर्नुहोस्।

**रासायनिक (Alert):** प्रकोप १ रोपनीमा १० भन्दा बढी गाँजमा आक्रमण देखिएमा: फ्लुवेनडाईएमाइड २०% WG (२.५ ग्राम प्रति १० लिटर पानी) वा फिप्रोनिल ५% SC (२ मिली प्रति लिटर पानी) गुभोमा केन्द्रित गरी छर्कनुहोस्। अथवा कार्टाप हाइड्रोक्लोराइड ४% GR (१ किलोग्राम प्रति रोपनी) छिपछिपे पानीमा छर्कनुहोस्। गभारोको प्रकोप हेरी १५/१५ दिनको फरकमा २/३ पटकसम्म दोहोऱ्याउनुहोस्।


गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल
फोन नं ०६१-४६७७०८
website: molmac.gandaki.gov.np
Email: molmacprovince4@gmail.com

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**प्रदेश कृषि प्रयोगशाला**
पोखरा, नेपाल
फोन नं ०६१-४६१५४५
Email provinceagrilabpokhara@gmail.com>


थप जानकारीको लागि